# मध्यबिन्दु नगरपालिका

नगरसभामा प्रस्तुत

आर्थिक वर्ष २०७४/०७५

# नीति तथा कार्यक्रम

## नगर कार्यपालिकाको कार्यालय

**चोरमारा, नवलपरासी**

२५ असार २०७४

**आदरणीय यस गरिमामय नगरसभाका प्रमुख महोदयएवं सभाका सदस्यज्यूहरु,**

१. नेपालको संविधान २०७२ बमोजिम गठित मध्यविन्दु नगरपालिकाको प्रथम नगर सभामा नगरपालिकाको आर्थिक वर्ष २०७४/७५ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभामा प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ । यस अवसरमा नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले गरेको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, मधेश आन्दोलनको स्मरण गर्न चाहन्छु । लोकतन्त्रिक आन्दोलनका शहीदहरूको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु ।

२. संवत २०७४ वैशाख ३१ मा सम्पन्न स्थानीय तहको निर्वाचनले संविधान कार्यान्वयन, संघीयताको जग बसाउने तथा नागरिक अधिकार, आवश्यकता र अपेक्षा प्रत्याभूतीका पक्षमा महत्वपुर्ण मार्गनिर्देश गरेको छ । साथै आर्थिक समृध्दी र लोकतन्त्रको आभास दिलाउने ढोका खुलाएको छ । उक्त निर्वाचन प्रकृयामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहभागी हुनुहुने संपुर्ण नागरिक, राजनीतिक दलहरु, सुरक्षाकर्मीहरु र कर्मचारीहरुमा हार्दिक कृतज्ञता एवं धन्यवाद ज्ञापन गर्दछु । निर्वाचन भन्दा पहिले लामो समय देखी जनप्रतिनिधि विहिन साविक स्थानीय निकायहरुमा रहि सार्वजनिक सेवा प्रवाह गर्नुहुने कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

३. आगामी दिनमा यस मध्यविन्दुलाई आत्मनिर्भर, समृध्द, स्वच्छ, सफा, हराभरा, सभ्य, विकसित, आधुनिक, नमुना नगरपालिका बनाउने तर्फ केन्द्रित भई आगामी नीति, योजना र कार्यक्रमहरु संचालित हुनेछन् ।

४. आत्मनिर्भर नगरपालिका निर्माणको लागी नगरको कोष मजवुत बनाउन कर भार घटाउने र दायरा बढाउने नीति अबलम्बन गरिने छ । कर शिक्षालाई अभियानका रुपमा संचालन गरिने छ ।

५. नगर गुरुयोजना तर्जुमा गर्न आवश्यक बजेट विनियोजन गरि ६ महिना भित्र विज्ञबाट गुरुयोजनाको मस्यौदा प्राप्त गरी लागु गरिने छ ।

६. कृषि उत्पादनमा आत्मनिर्भरता उन्मुख सोंचका साथ युवालाई कृषि पेशामा आकर्षित हुने वातावरण बनाईने छ । दीगो विकास लक्ष्य अन्तर्गत भोकमरी र गरिवी घटाउने लक्ष्य हासिल गर्न टेवा पुग्ने गरि कृषि उत्पादन एवं उत्पादकत्व बढाउने नीति अबलम्बन गरिने छ । तरकारी, अन्नबाली, फलफुल आदी उत्पादन

क्षेत्रका आधारमा एक वडा एक उत्पादन एवं एक वडा एक किसान क्लबको अवधारणा अनुसार कृषि पकेट क्षेत्र विकास गरिने छ । कृषि क्षेत्रको विकासका लागी विषयगत कृषि सहकारी समुह गठन गर्न प्रोत्साहन गरिने छ । कृषिको आधारभूत पुर्वाधारको रूपमा रहेको सिंचाई सुविधा पुर्याउन गैरसरकारी एवं अन्य दातृ निकायहरुसँग  सहकार्य गरि विभिन्न प्रविधिहरु समेत अबलम्बन गरिने छ । शित भण्डार, बाली बिमा र अन्य प्रविधि भित्र्याउन पहल गरिने छ । रोजगार उन्मुख कृषिमा आधारित पेशा गर्ने सहकारी समूह/संघ/संस्थालाई विषेश प्रोत्साहन गर्ने नीति लिइनेछ ।

७. पशूजन्य उत्पादनमा आत्मनिर्भर बन्ने तथा पशुपालनलाई गरिवी घटाउने साध्यका रुपमा स्वीकार गरि पशुपालन व्यवसाय प्रवर्दनका लागी पशु बिमा, घाँस र घाँसको विऊ उत्पादन, पशु भ्याक्सिन सेवाको उपलब्धता, कृत्रिम गर्भाधान सेवा, कृषकका लागी आवश्यकता अनुरुप तालिम, पशुपालक कृषक सहकारी समुह वा पशुपालन व्यवसायी फर्म संचालन गर्न प्रोत्साहन गरिने छ । बजार क्षेत्रलाई सुन्दर र सफा राख्न तथा स्वस्थ र सफा  पशूजन्य उत्पादन उपभोग गर्न पाउने उपभोक्ता अधिकार सुनिश्चित गर्न पशु बधस्थल निर्माण गरिने छ ।

८. सहकारी त्रीखम्बे आर्थिक व्यवस्थाको एउटा मुख्य खम्बा हो । आर्थिक, सामाजिक विकासमा सहकारी क्षेत्रको योगदान र संभाबनाको उच्च मुल्यांकन गर्दै यस नगरपालिकाको भौतिक एवं मानवीय विकासमा सहकार्य गरिनेछ । एक वाड एक सहकारी नीति लिइने छ ।

९. सडकलाई विकासको मेरुदण्ड मानिन्छ । सडक बिना पुर्वाधार विकासका थप आधारशिला खडा हुन सक्दैनन् । नगरपालिकाका सबै १५ वटै वडालाई सडक संजालले जोड्न आन्तरिक सडक निर्माणलाई प्राथमिकता दिईनेछ । वातावरणमैत्री स्थानीय शासन संवन्धी अवधारणा अनुरुप प्रत्येक वडामा कम्तिमा एउटा फुटपाथ, नाली, सडक किनारमा हरियाली कायम गर्न वृक्षारोपण आदी समेत भएको नमुना सडक निर्माण गरिने छ ।  निर्माणाधिन सडक पुरा गर्दै जाने एवं कालोपत्रे गर्ने कार्यलाई प्राथमिकता दिईने छ । संपुर्ण नगरपालिकालाई एउटै रिङरोड भित्र समेटिने गरि रिङ रोड निर्माणका निमित्त संभाव्यता अध्ययन गरिने छ । अन्य गाउँपालिका, नगरपालिका, जिल्ला, प्रदेश र चार नंबर प्रदेशको केन्द्र जोडने सडकहरुको संभाव्यता अध्ययन गरिनेछ । सडकको दीगोपना, सुन्दर शहरिकरण,

उपयुक्त सडक मापदण्ड लागु गर्न नगर सडक गुरुयोजना (Municipality Transport Master Plan) बनाई कार्यान्वयन गरिने छ । नगरलाई थप विकृत हुन नदिन तेस्तो गुरुयोजना कार्यान्वयनमा नआइञ्जेल सम्म नगरकार्यपालिकाले उपयुक्त व्यवस्था मिलाउने छ ।

१०. नागरिकको आवागमन तथा ढुवानी सहजताका निमित्त सार्वजनिक यात्रु वाहक तथा माल वाहक यातायात व्यवस्थालाई व्यवस्थित, प्रभावकारी र वातावरणमैत्री बनाईने छ । सवारी पार्किङको उपयुक्त व्यवस्था मिलाईने छ । सवारी नियमन कार्यलाई थप प्रभावकारी बनाईने छ ।

११ विभिन्न खोला तथा नदिहरुमा पक्की वा झोलुङ्गे पुल निर्माण गर्न प्राथमिकता पुर्वक बजेट व्यवस्थापन गरिने छ ।

१२. "हाम्रो नगर उज्यालो शहर" नारा सहित लघु जलविद्धुत उत्पादन संवन्धमा संभाव्यता अध्ययन गरिने छ । हाल उपयोगमा रहेको विद्धुत सेवाको गुणस्तर र क्षमतालाई आवश्यकता अनुरुप बनाउन पहल गरिने छ । वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा लगायतको प्रयोग बढाइने छ ।

१३. सबैको लागि समानसञ्चार पहुँच कायम गर्न मोबाईल सेवा, ल्याण्डलाइन टेलिफोन सेवा र इण्टरनेट सुविधा संबन्धी पुर्वाधारका लागी पहल गरिने छ।

१४. व्यवस्थित, सुरक्षित र सुन्दर मध्यविन्दु नगरीको परिकल्पना साकार पार्न सबै किसिमका भवन निर्माण गर्दा अनिवार्य पूर्व स्वीकृति लिनुपर्ने, पुराना भवनहरुले अभिलेखिकरण गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिने छ । नागरिकको आवास अधिकार सुनिश्चित गर्न विभिन्न प्रकोपजन्य घटनाका कारण विस्थापित परिवारको आवास व्यवस्थापनका लागी व्यापक पहल गरिने छ । नगरका विभिन्न स्थानहरुमा स्वामित्व कायम नभएको जग्गा जमिन र तिनमा घर टहरा जस्ता संरचना सहित अव्यवस्थित बसोबास रहेका छन् । त्यस्ता जग्गा र सोमा बनेका संरचनाको तथ्यांक संकलन गरि पछी प्रदेश वा संघीय कानुनको प्रावधान अनुसार हुने गरी हाललाई अन्य घर जग्गा सरह अभिलेखिकरण गरिने छ । यसरी अव्यवस्थित वसोवासलाई चरणवद्द रुपमा व्यवस्थापन गरिने छ । नगरपालिकाको केन्द्र अवस्थित चोरमारा बजारलाई प्रशासनिक केन्द्र (Administrative Hub) तथा अरुणखोला बजार र कोल्हुवा क्षेत्रलाई व्यवसायिक

केन्द्र (Business Hub) का रुपमा विकास गरिने छ । एकिकृत वस्ती विकास योजना सम्बन्धी अध्ययन गरिने छ ।

१५. दीगो विकासको अवधारणालाई पुर्णरुपमा आत्मसाथ गर्दै जलाधार, वन जंगल एवं अन्य प्राकृतिक स्रोतसाधनको संरक्षण र उपयोग गरिने छ । रोजगारमुलक, गरिवी न्यूनिकरणमा सहयोग पुग्ने खालका पुर्वाधार विकासमा जोड दिइने छ । कार्वन व्यापारबाट हुने आम्दानीको हिस्सा प्राप्तीको लागी पहल गरिने छ । पुर्वाधार निर्माणको दीगोपन सुनिश्चितताका लागी अनिवार्य मौद्रिक सहभागिता जुटाई स्वामित्व वोध कायम गरिने छ ।

१६. उपयुक्त औद्योगिक वातावरण बनाई ठुला, साना, मझौला, लघु तथा घरेलु उद्योगको स्थापना र प्रवर्दनमा जोड दिइने छ । स्वच्छ व्यावसायीक वातावरण निर्माण गरि निजि व्यवसाय प्रवर्दन गरिने छ । आर्थिक कृयाकलापमा निजि क्षेत्रको भूमिका बढाईने छ । यस नगर क्षेत्रमा प्रचुर संभावना रहेको पर्यटन लगायतका सेवा व्यापारमा निजि क्षेत्रको भूमिका प्रबल हुने हुँदा निजि क्षेत्रलाई प्रवर्दन गरिने छ ।

१७. गैरसरकारी क्षेत्रलाई विकास साझेदारका रुपमा अंगिकार गरि उनिहरुको कार्यगत विषेशज्ञता र अनुभवका आधारमा विकास कृयाकलापमा सहज ढंगबाट परिचालित हुने वातावरण बनाईने छ ।

१८. नगरको सामाजिक, आर्थिक विकासका निमित्त वाह्य सहयोग परिचालन गर्न प्रयास गरिने छ ।

१९. मध्यविन्दु नगरको पहिचान र सुवास सर्वत्र फैलाउन एउटा मध्यविन्दु पार्क एवं स्तम्भ निर्माण गर्न प्रारम्भ गरिने छ ।

२०. नगरको दूर भविश्य आंकलन गर्दै जमिनको दीगो र प्रभावकारी उपयोग गर्न भूखण्डीकरण रोक्नतथा भूमाफियाका उत्पादनशिल खेतियोग्य जमिनलाई टुक्र्याई घडेरीको रुपमा विक्रि वितरण गर्ने अवान्छित हर्कत रोक्न भू उपयोग नीति कार्यान्वयन गरिने छ । सुन्दर, नमुना र आकर्षक नगर बनाउन तोकिएको जमिन क्षेत्र तोकिए बमोजिम मात्र उपयोग गर्न पाउने व्यवस्था लागु गरिने छ । खेतीयोग्य जमिनमा बसोबास गर्न निरुत्साहित गरिने छ ।

२१. नगर क्षेत्र भित्रका सबै आर्थिक कृयाकलापमा आर्थिक अनुशासन कायम गर्न शुन्य सहनशिलताको नीति लिइने छ ।

२२. युवा लक्षित रोजगार उन्मुख विषेश कार्यक्रम संचालन गरिने छ । खेलकुद क्षेत्रको प्रवर्दनका लागि खेलकुंद पुर्वाधार लगायत युवा केन्द्रित दुर्व्यसन न्यूनिकरण कार्यक्रम संचालन गरिने छ । एक वाड एक खेलकुंद एवं खेलकुंद महिला क्लब निर्माण गर्ने नीति लिईने छ । युवा लगायत सबै उमेर समुह तथा पेशा व्यवसायमा लागेकाहरुका लागि समय समयमा योग शिविर आयोजना गरिने छ।

२३. शिक्षालाई प्राथमिकता प्राप्त क्षेत्रका रुपमा लिई यसको विकासमा विषेश ढंगबाट पहल गरिने छ । शैक्षिक पुर्वाधार निर्माण, उपयुक्त शैक्षिक वातावरण निर्माण गरिने छ । शैक्षिक क्षेत्र र शिक्षण संस्थालाई राजनीतिबाट पुर्णरुपमा मुक्त्त गरिने छ । शिक्षकहरुलाई आवश्यकताका आधारमा तालिमको व्यवस्था गरिने छ । शैक्षिक संस्थालाई शान्ति क्षेत्रको रुपमा व्यवहार गरिने छ । संस्थागत र सामुदायिक विध्यालयहरु वीच सहकार्य गर्ने वातावरण मिलाईने छ । विध्यालयहरुलाई बालमैत्री अवधारणा अनुसार संचालन गरिने छ । प्रत्यक वडामा कम्तिमा एउटा नमुना पुस्तकालय संचालनमा ल्याई पढने बानीको विकास गरिने छ । प्राविधिक शिक्षालय र स्नातकोत्तर कलेज स्थापना गर्न पहल गरिने छ ।

२४. स्वास्थ्य सम्बन्धि मौलिक हक सुनिश्चित गर्न नगर क्षेत्र भित्र रहेका मौजुदा सबै स्वास्थ्य संस्थाहरुको सवलीकरण, स्तरीकरण गरी सेवा प्रवाहको दायरा र क्षमता अभिवृद्धि गरिनेछ । चोरमारा स्थित स्वास्थ्य चौकीलाई १५ शैयाको अस्पतालको रुपमा स्तरोन्नती गरिनेछ साथै यस स्वास्थ्य चौकीलाई रेफ्रेन्स अस्पतालको मान्यता पाउने मापदण्ड पूरा गर्न आवश्यक मेसिन औजार लगायतका स्वास्थ्य पूर्वाधारहरु व्यवस्था गरिनेछ । स्वस्थ्य बिमा योजना; सर्पदंश र रेविज संवन्धी उपचारको व्यवस्था मिलाईनेछ । प्रभावकारी स्वास्थ्य व्यवस्थाका लागि सरकारी, गैरसरकारी एवं वाह्य क्षेत्रको सहयोग परिचालन गरिनेछ । आयुर्वेद शिक्षा एवं औषधिको प्रयोगलाई बढवा दिईनेछ । यस सम्बन्धी संस्थाहरुको क्षमता विकास र सवलीकरणमा जोड दिईनेछ

२५. सबैका लागी स्वच्छखानेपानी, पानी सुरक्षा योजना (WSP) समेत तयार गरि लागु गरिने छ ।

२६. नगर क्षेत्रलाई सफा, सुन्दर, आकर्षक एवं हराभरा बनाउन वातावरण मैत्री स्थानीय शासनको अवधारणलाई कार्यन्वयन ल्याईनेछ । आवास तथा अन्य पूर्वाधार निर्माण गर्दा तोकिएको मापदण्डका आधारमा अनिवार्य वृक्षारोपण गर्नुपर्ने नीति लिईनेछ । मध्यविन्दुलाई पुर्णसरसफाई युक्त नगरपालिका बनाईने छ ।

२७. लैङ्गिक, जातीय, वर्गीय, पेशागत, उमेर समुह, शारिरिक अवस्था वा विशेष क्षमता भएकाहरु विच सामाजिक समता र समानता कायम गर्ने, सामाजिक सदभाव बढाउने नीति लिइने छ । यस वर्गको हितको लागी विषेश कार्यक्रमहरु संचालन गरिने छ ।

२८. सामाजिक तथा आर्थिक रुपले सिमांन्तकृत हुन पुगेका महिला, दलित, आदिवासी जनजाति, बालबालिका, जेष्ठ नागरिक, युवा, अपाङ्ग, अल्पसंख्यक, सिमान्तकृत, लोपोन्मुख जातिहरुको पहिचान स्थापित गर्ने सशक्तिकरण गर्ने एवं मुलप्रवाहिकरण गरी सहभागितामा योगदान बढाउनका निमित्त सचेतना अभिवृद्धि, क्षमता अभिवृद्धि र नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२९. मानव संसाधन विकासका लागी आम मध्यबिन्दु नगरवासीहरु विशेषत युवा तथा महिलाहरुको आवश्यकता र अपेक्षा अनुकुलको उत्पादनमुलक सीप एवं क्षमता अभिवृद्धि गर्न अभियानको रुपमा सीपमुलक एवं उद्यमशिलता विकास तालिम, कार्यक्रमहरु सञ्चालन गरिनेछ यसका लागि आवश्यकता अनुसार गैर सरकारी, सहकारी, निजी एवं वाह्य क्षेत्रको समेत सहयोग लिईनेछ ।

३०. नागरिक मैत्री प्रशासन कायम गर्न जनप्रतिनिधिहरुको नेतृत्व र क्षमता विकासका निमित्त विशेष अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ ।

३१. प्रभावकारी सेवा प्रवाहका निमित्त कर्मचारीलाई काम प्रति उत्प्रेरित बनाउन मौद्रिकएवं गैरमौद्रिक उपायहरु अवलम्बन गरिनेछ । कर्मचारीको वृत्ति विकास र क्षमता विकासमा पर्याप्त ध्यान पुर्याइनेछ ।

३२. आमनागरिकलाई लोकतन्त्रको आभास दिलाउन र उनीहरुको पहुँच योग्य स्थानीय प्रशासनिक ईकाइबाटै सेवाप्रवाह सुनिश्चित गर्न आवश्यक पूर्वाधारहरुको व्यवस्था गरी १५ वटै वडा कार्यालयहरु यथा सम्भव छिटो सञ्चालनमा ल्याईनेछ । नगरपालिकाको केन्द्र र वडा कार्यालयहरुलाई जनमुखी, नेटवरकिंगमा आधारित, सेवाग्राहीमैत्री प्रशासकीय एकाईको रुपमा व्यवस्थित गरिनेछ । वडा स्तरबाट प्रवाहित हुने सेवालाई चुस्त, दुरुस्त र सुशासनमा आधारित बनाईनेछ ।

३३. सुशासनका आधारभूत सिध्दान्तहरु विधीको शासन, पारदर्शिता, सहभागिता र सार्वजनिक उत्तरदायीत्व, अनुशासन, आचारसंहिता, बालमैत्री, वातावरणमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री एवं समग्रमा नागरिकमैत्री स्थानीय शासनको प्रत्याभूति गरिने छ ।

३४. नगरपालिकामा सञ्चालन हुने विकास सम्बन्धी कृयाकलापका निमित्त तर्जुमा गरिने निमित्त योजनाका लागि सुचना तथा तथ्यांक र नगरको वस्तु स्थितिको बारेमा जानकारी लिन आवश्यक पर्दछ । यसका निमित्त प्रभावकारी तथ्यांक आधार आवश्यकता पर्दछ । आगामी दिनमा यस्तो आवश्यकता पूर्तिको निमित्त नगरपालिकामा एक तथ्यांक आधार खडा गरिनेछ ।

३५. सार्वजनिक सेवा संचालनमा गुणस्तरीय पद्दती वा मापदण्ड कायम (SOP), निर्धारण गरिनेछ ।

३६. नागरिक-जनप्रतिनिधी-प्रशासन विच असल संवन्ध कायम गर्दै संचार माध्याम मार्फत नियमित नागरिक संवाद, सेवा प्रवाहका विषयमा नागरिकका गुनासा एवं कर्मचारीका गुनासाहरुको व्यवस्थापन गरिने छ । यसका लागी सार्वजनिक सुनुवाई समेत गरिने छ ।

३७. संचार माध्यामलाई विकास पत्रकारिताको अवधारणा अनुसार संचालन गर्न प्ररित गरिने छ ।

३८. वातावरण मैत्री हरियालीयुक्त नमुना नगरपालिका बनाउन वातावरणमैत्री स्थानीय शासनका सूचकलाई नगरपालिकाबाट प्रवाह हुने सेवा, बजेट विनियोजन र कर समेतसँग आवध्द गरिनेछ ।

३९. वन संरक्षण र संचालनमा समन्वय गर्न, वन पैदावरको दीगो, गरिवी निवारणोन्मुख ढंगबाट उपयोग गर्न, मध्यवर्ति क्षेत्र संचालनमा समन्वय र मध्यवर्ति क्षेत्रका बासिन्दाको हितका लागी उपयुक्त संयन्त्र बनाई कार्य गरिनेछ ।

४०. नारायणी तटवन्ध, अरुणखोला, गिरिवारी लगायतका खोलामा तटबन्ध गर्न चुरे तराइ मधेश संरक्षण समिति लगायतका निकायसंगको समन्वयमा कार्य गरिनेछ।

४१. फोहरमैला व्यवस्थापनको लागी तत्कालिक र दीर्घकालिन नीति र कार्यक्रम तर्जुमा गरि लागु गरिने छ ।

४२. छिमेकी नगर\गाउँपालिका, जिल्ला समन्वय समिति, प्रदेश, संघसंगको असल संबन्ध कायम गरिने छ ।

४३. पर्या-पर्यटन, खेलकुँद पर्यटन, कृषि पर्यटन, साँस्कृतिक पर्यटनको प्रवर्दन गरिने छ। पर्यटन क्षेत्रको आम्दानीबाट गरिवीको रेखामुनी रहेका नागरिक समेत लाभान्वित हुने गरि सहकारिमा आधारित होमस्टे संचालन गर्न प्रोत्साहन गरिने छ । सबै धर्म, संस्कृति, परम्परा, मठ, मन्दिर आदी सम्पदाहरु, मेला, जात्राको संरक्षण गरिनेछ । नयाँ पर्यटकीय संभावनाहरुको खोजि गरिने छ । उपयुक्त स्थानमा एक भ्यूटावर तथा एउटा जनजाती संग्राहलय निर्माण गरिने छ ।

४४. उपभोक्ताहरुको अधिकार सुनिश्चित गर्न बजार संयन्त्रलाई प्रभावकारी बनाईनेछ । नियमित अनुगमन र सुपरिवेक्षण गरी काला बजारी एवं कृत्रिम अभाव नियन्त्रण गरी स्वस्थ प्रतिस्पर्धा र गुणस्तर कायम गराईनेछ ।

४५. मानव अधिकारको विश्वव्यापी मान्यता अनुरुप स्वतन्त्र स्वाभिमान र शान्ति पूर्वक बाच्न र जीवन यापन गर्न पाउने अधिकारको संरक्षणको प्रयास गरिनेछ ।

जय मध्यविन्दु ।